**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा युनानी दिवस सम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुने छ।
- फ्रान्स भ्रमणमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भव्य स्वागत गरिएको छ। श्री मोदीले फ्रान्सका राष्ट्रपति म्याक्रोंलाई भेट्न पाउँदा धेरै खुसी भएको जानकारी दिनु भयो।
- भारतीय रेलवेले बुधबार प्रयागराज महाकुम्भमा माघी पूर्णिमा स्नान अघि तीर्थयात्री र पर्यटकहरूको लागि विशेष व्यवस्था गर्न युद्धस्तरमा काम गरिरहेको छ।
- भारत ऊर्जा सप्ताह २०२५ आजदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ।
- भुवनेश्वरको कलिंगा रंगशालामा पञ्जाब एफसी र ओडिशा एफसी बीच खेलिएको इन्डियन सुपर लिग आईएसएल फुटबल खेल १-१ को बराबरीमा समाप्त भएको छ।

**बिहानी राष्ट्रपति - युनानी दिवस**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा युनानी दिवस सम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुने छ। यस अवसरमा विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंह पनि उपस्थित हुनेछन्।प्रसिद्ध युनानी चिकित्सक, शिक्षाविद् र स्वतन्त्रता सेनानी हाकिम अजमल खानको जन्मजयन्तीको सम्मानमा फेब्रुअरी ११ लाई युनानी दिवसको रूपमा मनाइन्छ। आयुष मन्त्रालय अन्तर्गतको एक प्रमुख अनुसन्धान परिषद्, युनानी चिकित्सा अनुसन्धान केन्द्रीय परिषद्ले "एकीकृत स्वास्थ्य समाधानका लागि युनानी चिकित्सामा नवप्रवर्तन - अगाडि बढ्ने बाटो" सम्बन्धी दुई दिने अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्दैछ। यो सम्मेलनले विश्वव्यापी स्वास्थ्य र कल्याणको प्रवर्द्धनमा युनानी चिकित्साको महत्वपूर्ण भूमिकालाई जोड दिने उद्देश्यले संवाद, सहकार्य र ज्ञान आदानप्रदानको लागि एक प्लेटफर्मको रूपमा काम गर्नेछ।

****** ० ******

**प्रधानमन्त्री मोदी-फ्रान्स**

फ्रान्स भ्रमणमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भव्य स्वागत गरिएको छ। उहाँलाई विमानस्थलमा फ्रान्सेली सशस्त्र बल मन्त्री सेबास्टियन लाइकोर्नुले स्वागत गरेका थिए। सोही समयमा पेरिसमा भेला भएका भारतीय समुदायका मानिसहरूले पनि प्रधानमन्त्रीलाई न्यानो स्वागत गरे। यसपछि, प्रधानमन्त्री मोदी फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले एआई शिखर सम्मेलनमा भाग लिने नेताहरूका लागि आयोजना गरेको रात्रिभोजमा सहभागी हुनुभयो। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा, श्री मोदीले राष्ट्रपति म्याक्रोंलाई भेट्न पाउँदा धेरै खुसी भएको जानकारी दिनु भयो। प्रधानमन्त्री मोदी अब त्यहाँ एआई एक्सन समिटमा भाग लिन जाँदै हुनुहुन्छ। भारतले यो सम्मेलनको सह-अध्यक्षता गरिरहेको छ। सम्मेलनको उद्देश्य कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा विश्वव्यापी मापदण्डहरू स्थापित गर्नु र जिम्मेवार कृत्रिम बुद्धिमत्ताको विकासलाई प्रवर्द्धन गर्नु हो।

उहाँले भारत-फ्रान्स सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले राष्ट्रपति म्याक्रोंसँग धैरै प्रमुख द्विपक्षीय वार्ताहरूमा पनि भाग लिनुहुनेछ। यस अवधिमा भारत र फ्रान्सबीच धैरै महत्त्वपूर्ण द्विपक्षीय सम्झौताहरूमा हस्ताक्षर हुने सम्भावना पनि छ। आफ्नो भ्रमणको क्रममा प्रधानमन्त्रीले फ्रान्सको ऐतिहासिक शहर मार्सेलीको पनि भ्रमण गर्नुहुनेछ। उहाँले त्यहाँ भारतको पहिलो वाणिज्य दूतावासको उद्घाटन गर्नु हुनेछ। यो वाणिज्य दूतावासको उद्घाटन दक्षिणी फ्रान्समा बसोबास गर्ने भारतीय समुदायका लागि विशेष गरी महत्त्वपूर्ण छ। फ्रान्समा यी कार्यक्रमहरूमा भाग लिएपछि, प्रधानमन्त्री राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा दुई दिने अमेरिकाको भ्रमणमा जानु हुनेछ। उहाँ भोलि मार्सेलीबाट अमेरिका प्रस्थान गर्नुहुनेछ।

****** ० ******

## जितेन्द्र-बायोवेस्ट

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले हिजो नयाँ दिल्लीस्थित एम्समा देशको पहिलो स्वदेशी स्वचालित जैविक फोहोर व्यवस्थापन उपकरण -सृजनमको सुरुवात गर्नुभयो। तिरुवनन्तपुरमस्थित राष्ट्रिय अन्तरविषय विज्ञान तथा प्रविधि संस्थान, वैज्ञानिक तथा औद्योगिक अनुसन्धान परिषद्द्वारा विकसित, यस प्रकारको उपकरण देशमा पहिलो हो। यस अवसरमा बोल्दै डा. सिंहले फोहोरबाट सुनमा सर्ने आदर्श परिवर्तनको लागि आह्वान गर्दै दिगोपन र वातावरणीय सरोकारको महत्त्वमा जोड दिनु भयो। उहाँले भारतमा भएको आर्थिक रूपान्तरणको बारेमा पनि बोल्दै देश पाँच कमजोर देशहरूको समूहबाट बाहिर निस्केर शीर्ष पाँचको सदस्य बनेको र निरन्तर विकासको बाटोमा अघि बढिरहेको बताउनु भयो। उहाँले स्वास्थ्य सेवा सुविधाहरूमा फोहोर व्यवस्थापनमा क्रान्तिकारी परिवर्तन ल्याउने नयाँ जैविक फोहोर व्यवस्थापन उपकरणको महत्त्वमाथि पनि प्रकाश पार्नुभयो।सृजनम उपकरण महँगो र ऊर्जा-गहन इन्सिनरेटरहरूमा निर्भरता बिना प्रयोगशाला डिस्पोजेबलहरू सहित रोगजनक बायोमेडिकल फोहोरलाई कीटाणुरहित गर्न डिजाइन गरिएको हो।

****** ० ******

## अब्दुल्लाह-शाह भेटघाट

जम्मू कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाहले हिज नयाँ दिल्लीमा केन्द्रीय गृह तथा सहकारीता मन्त्री अमित शाहलाई भेट गर्नुभयो। यस बैठकमा दुवै नेताले जम्मू र कश्मीरलाई राज्यको दर्जा, सुरक्षा ब्यावस्था, बजेट सत्र र शासनका मुद्दाहरूमा छलफल गरे। जम्मू कश्मीरको मुख्यमन्त्रीको पदभार ग्रहण गरेपछि गृहमन्त्रीसँग श्री अब्दुल्लाहको यो तेस्रो भेट थियो।

****** ० ******

## जेपी नड्डा

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले भिडियो कन्फरेन्स मार्फत लिम्फ्याटिक फाइलेरियासिस उन्मूलनको लागि वार्षिक व्यापक राष्ट्रव्यापी उपचार अभियानको सुरुवात गर्नुभयो। यस अवसरमा श्री नड्डाले भारत यस रोगको रोकथाम गर्न प्रतिबद्ध रहेको र सन् २०२७ सम्ममा यसको उन्मूलनको लक्ष्य हासिल गर्न हरसम्भव प्रयास गरिने बताउनु भयो। यस रोगबाट सबैभन्दा बढी प्रभावित १३ राज्यका १११ जिल्लाका लगभग १७.५ करोड मानिसहरूलाई नि:शुल्क औषधि दिइनेछ।श्री नड्डाले राज्य र केन्द्र शासित प्रदेशहरूलाई सम्बन्धित रोगहरू उन्मूलन गर्न औषधि खुवाउने प्रक्रियाको अनुगमन गर्न र यस अभियानमा सबै तहका मानिसहरूलाई संलग्न गराउन आग्रह गर्नुभयो।

****** ० ******

## महाकुम्भ-रेलवे

भारतीय रेलवेले बुधबार प्रयागराज महाकुम्भमा माघी पूर्णिमा स्नान अघि तीर्थयात्री र पर्यटकहरूको लागि विशेष व्यवस्था गर्न युद्धस्तरमा काम गरिरहेको छ। रेलमन्त्री अश्विनी वैष्णवले यसअघि प्रयागराज रेलवे स्टेशनको व्यवस्थाको निरीक्षण गर्नु भएको थियो। निरीक्षणको क्रममा, श्री वैष्णवले हालको भीडभाडको अवस्थाको समीक्षा गर्नुभयो र वरिष्ठ अधिकारीहरूसँग रेलवेको तयारीको बारेमा छलफल गर्नुभयो। दिल्लीमा मिडियासँग कुरा गर्दै श्री वैष्णवले भन्नुभयो सरकारले महाकुम्भको लागि शहरका आठ रेलवे स्टेशनहरूमा विस्तृत व्यवस्था गरेको छ।

****** ० ******

## नीति आयोगको प्रतिवेदन

नीति आयोगका उपाध्यक्ष सुमन बेरी, सीईओ बीभीआर सुब्रह्मण्यम र सदस्य डा. विनोद कुमार पलले हिजो नयाँ दिल्लीमा राज्य र राज्य सरकारी विश्वविद्यालयहरू मार्फत गुणस्तरीय उच्च शिक्षा विस्तार गर्ने आयोगको प्रतिवेदन जारी गरे। यस अवसरमा, श्री बेरीले आशा व्यक्त गर्नुभयो कि प्रतिवेदनमा गरिएका सिफारिसहरू केन्द्र र राज्य सरकारका मन्त्रालयहरूले उत्साहपूर्वक कार्यान्वयन गर्नेछन्। उहाँले भारतीय प्रविधि संस्थान र राज्य सरकारी विश्वविद्यालयहरू जस्ता संस्थाहरूलाई उच्च गुणस्तरको लागि प्रयास गर्न पनि आह्वान गर्नुभयो।नीति आयोगका सीईओ बीभीआर सुब्रह्मण्यमले राष्ट्रिय शिक्षा नीति २०२० ले २०३५ सम्ममा उच्च शिक्षा प्रणालीमा विद्यार्थीहरूको भर्ना दोब्बर गरी लगभग ९ करोड पुऱ्याउने लक्ष्य राखेको उल्लेख गर्नुभयो। उहाँले प्रतिवेदनलाई नीति आयोगको महत्वपूर्ण योगदानको रूपमा वर्णन गर्दै यसले भारतको उच्च शिक्षा प्रणालीलाई रूपान्तरण गर्न मद्दत गर्ने बताउनु भयो। नीति आयोगका सदस्य डा. विनोद कुमार पलले प्रतिवेदनलाई नयाँ शिक्षा नीति कार्यान्वयन गर्ने र २०४७ सम्ममा विकसित भारत निर्माण गर्ने सन्दर्भसँग जोडनु भयो ।

****** ० ******

## लागुऔषध जफत

केन्द्रीय गृह मन्त्रालयले लागूऔषध विरुद्धको आफ्नो वर्तमान शून्य सहनशीलता नीति अन्तर्गत सन् २०२४ मा २५ हजार करोड रुपैयाँभन्दा बढी मूल्यको लागूऔषध जफत गरिएको बताएको छ।एक विज्ञप्तिमा, मन्त्रालयले भनेको छ, यो २०२३ मा जफत गरिएको १६ हजार करोड रुपैयाँभन्दा बढी मूल्यको लागूऔषधको तुलनामा ५५% ले वृद्धि हो। मन्त्रालयले सिंथेटिक लागूपदार्थ, कोकेन, र मनोचिकित्सा पदार्थको रूपमा प्रयोग हुने औषधिहरू सहित बढी हानिकारक र लत लाग्ने पदार्थहरूको जफतमा वृद्धि भएको पनि प्रकाश पारेको छ। उल्लेखनीय कुरा के छ भने, बरामद गरिएको कोकेनको मात्रामा ठूलो वृद्धि भएको छ, जुन २०२३ मा २९२ किलोग्रामबाट बढेर २०२४ मा १,४२६ किलोग्राम पुगेको छ।

****** ० ******

## भारत ऊर्जा सप्ताह

भारत ऊर्जा सप्ताह २०२५ आजदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ। हिजो नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले प्रधानमन्त्री नरेन्द्र मोदीले चार दिने मेगा कार्यक्रमको भर्चुअल रूपमा उद्घाटन गर्ने जानकारी दिनु भयो। उहाँले भन्नुभयो, यो कार्यक्रम मन्त्री र सीईओको सहभागिता, प्रदर्शनी स्थान र सत्रहरूको संख्याको हिसाबले विश्वभरको दोस्रो ठूलो ऊर्जा कार्यक्रम हुनेछ। श्री पुरीले देशमा प्रधानमन्त्री उज्ज्वला योजनाको सफलतालाई विश्वव्यापी स्तरमा मोडेलको रूपमा प्रस्तुत गरिने बताउनु भयो। श्री पुरीले कार्यक्रममा क्यानडा, जर्मनी, जापान, संयुक्त राज्य अमेरिका र बेलायत लगायत दश देशहरूले आफ्नो मण्डप स्थापना गर्ने जानकारी पनि दिनु भयो।

****** ० ******

## मांडवीय सम्झौता

श्रम तथा रोजगार मन्त्रालयले राष्ट्रिय करियर सेवा-एनसीएस सुरु गरेको छ। पोर्टलमा दर्ता भएका रोजगार खोज्नेहरूका लागि भारत र विदेशमा रोजगारीका अवसरहरू बढाउन एक अग्रणी रोजगार पोर्टलसँग सम्झौता पत्रमा हस्ताक्षर गरियो। यस अवसरमा डा. मण्डावियाले हरेक वर्ष एन.सी.एस. मार्फत १ करोड २५ लाख अन्तर्राष्ट्रिय रिक्त पदहरू र १० लाखभन्दा बढी घरेलु रिक्त पदहरूको बारेमा जानकारी प्राप्त हुने सम्भावना ब्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, ४० लाख भन्दा बढी रोजगारदाताहरू दर्ता भएका छन्। पोर्टल सुरु भएदेखि अहिलेसम्म ४ करोड ४० लाखभन्दा बढी रिक्त पदहरूको जानकारी प्राप्त भइसकेको छ। डा. मांडवियाले युवाहरूलाई यस पोर्टलमा दर्ता गर्न र उपलब्ध करियर अवसरहरूको पूर्ण लाभ उठाउन आग्रह पनि गर्नुभयो।

****** ० ******

## ISL - फुटबल

भुवनेश्वरको कलिंगा रंगशालामा पञ्जाब एफसी र ओडिशा एफसी बीच खेलिएको इन्डियन सुपर लिग आईएसएल फुटबल खेल १-१ को बराबरीमा समाप्त भएको छ। पहिलो हाफको इन्जुरी समयमा पञ्जाबका ग्रीक स्ट्राइकर पेट्रोस गियाकोमाकिसले गोल गरे । यद्यपि, ओडिशाका इसाक राल्टेले ५१ औं मिनेटमा उत्कृष्ट प्रहार गर्दै बराबरी गर्न सफल बने । राम्रो सुरुवात गरे पनि पञ्जाबले आफ्नो मौकालाई सदुपयोग गर्न सकेन। अंक तालिकामा पञ्जाब १९ खेलबाट २४ अंकसहित नवौं स्थानमा छ भने ओडिशा २० खेलबाट २६ अंकसहित सातौं स्थानमा छ।

****** ० ******

****** ० ******